# अन्तर्वार्ता सञ्चालन निर्देशिका

## २०७०

जारी मिति: २०७०।११।२४

पहिलो संशोधन मिति:२०७२।०१।१०

दोस्रो संशोधन मिति:२०७३।०१।२४

तेस्रो संशोधन मिति:२०७३।११।०४

चौथो संशोधन मिति:२०७५।०९।०७

शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित) २०५७, को नियम ५४ अनुसार शिक्षक सेवा आयोगबाट सञ्चालन गरिने अन्तर्वार्ताहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि अन्तर्वार्ता सञ्चालन निर्देशिका, २०७० जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१.१ संक्षिप्त नाम र प्रारम्भ

(क) यस निर्देशिकाको नाम "अन्तर्वार्ता सञ्चालन निर्देशिका २०७०" रहेको छ ।

(ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

१.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "ऐन" भन्नाले शिक्षा ऐन (संशोधनसहित) २०२८, सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले प्रसङ्गअनुसार शिक्षा नियमावली (संशोधनसहित) २०५९, र शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित) २०५७, सम्झनुपर्दछ ।

(ग) "आयोग" भन्नाले शिक्षक सेवा आयोग सम्झनुपर्दछ ।

(घ) "अन्तर्वार्ता" भन्नाले आयोग वा आयोगबाट अधिकार प्रत्यायोजन भए बमोजिम सञ्चालन हुने अन्तर्वार्ता समेतलाई सम्झनुपर्छ ।

(ङ) "अन्तर्वार्ता व्यवस्थापन समिति" भन्नाले केन्द्र, क्षेत्र/प्रदेश र जिल्लास्तरमा गठन गरिएको अन्तर्वार्ता व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

१.३ निर्देशिकाको प्रयोग र पालना

यस निर्देशिकाको प्रयोग र पालना आयोग आफैंले वा आयोगको निर्णयअनुसार सञ्चालन हुने अन्तर्वार्तामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न हुने सबै जिम्मेवार व्यक्ति, पदाधिकारी, विशेषज्ञ र निकायहरुले गर्नुपर्नेछ ।

## परिच्छेद २
## अन्तर्वार्ता सञ्चालनका लागि समितिहरु

२.१ क्षेत्रीय अन्तर्वार्ता व्यवस्थापन समिति

आयोगबाट क्षेत्रीयस्तरमा सञ्चालन हुने अन्तर्वार्तालाई नियमित, मर्यादित, व्यवस्थित र विश्वसनीय रुपमा सञ्चालन गर्न क्षेत्रीयस्तरमा एक क्षेत्रीय अन्तर्वार्ता व्यवस्थापन समिति रहनेछ । यस समितिमा निम्नानुसारका पदाधिकारीहरु रहनेछन् ।

(क) शिक्षा विकास निर्देशक – संयोजक

(ख) सम्बन्धित जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख –सदस्य

(शिक्षा विकास निर्देशनालय रहेको जिल्लाबाहिर अन्तर्वार्ता सञ्चालन गर्नुपर्ने अवस्थामा अन्तर्वार्ता मुकाम रहेको जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख –सदस्य)

(ग) देहायका विकासक्षेत्रमा देहायका क्याम्पसका क्याम्पस प्रमुख–सदस्य

१. पूर्वाञ्चल विकासक्षेत्रका लागि धनकुटा बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख वा क्याम्पस प्रमुख नभए सहायक क्याम्पस प्रमुख

२. मध्यमाञ्चल विकासक्षेत्रका लागि वनविज्ञान अध्ययन संस्थान हेटौंडाका क्याम्पस प्रमुख [1]र काठमाडौंमा अन्तर्वार्ता हुने अवस्थामा विश्वविद्यालय क्याम्पस कीर्तिपुरको शिक्षाशास्त्र संकायका विभागीय प्रमुख वा विभागीय प्रमुख नभए सहायक विभागीय प्रमुख वा प्रशासन हेर्ने वरिष्ठतम कर्मचारी

३. पश्चिमाञ्चल विकासक्षेत्रका लागि पृथ्वीनारायण क्याम्पस पोखराका क्याम्पस प्रमुख वा क्याम्पस प्रमुख नभए सहायक क्याम्पस प्रमुख

४. मध्यपश्चिमाञ्चल विकासक्षेत्रका लागि शिक्षा क्याम्पस सुर्खेतका क्याम्पस प्रमुख वा क्याम्पस प्रमुख नभए सहायक क्याम्पस प्रमुख

५. सुदूरपश्चिमाञ्चल विकासक्षेत्रका लागि डोटी बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख वा क्याम्पस प्रमुख नभए सहायक क्याम्पस प्रमुख [2]र कैलालीमा अन्तर्वार्ता हुने अवस्थामा कैलाली क्याम्पस कैलालीका क्याम्पस प्रमुख वा क्याम्पस प्रमुख नभए सहायक क्याम्पस प्रमुख

२.२ जिल्ला अन्तर्वार्ता व्यवस्थापन समिति

आयोगबाट जिल्लास्तरमा सञ्चालन हुने अन्तर्वार्तालाई नियमित, मर्यादित, व्यवस्थित र विश्वसनीय रुपमा सञ्चालन गर्न जिल्लास्तरमा एक जिल्ला अन्तर्वार्ता व्यवस्थापन समिति रहनेछ । यस समितिमा निम्नानुसारका पदाधिकारीहरु रहनेछन् ।

(क) अन्तर्वार्ता मुकाम रहेको जिल्लाका प्रमुख जिल्ला अधिकारी –संयोजक

(ख) अन्तर्वार्ता मुकाम रहेको जिल्लाका जिल्ला समन्वय अधिकारी –सदस्य

(ग) अन्तर्वार्ता मुकाम रहेको जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख –सदस्य

---

[1] **पहिलो संशोधनद्वारा थप**

[2] **दोस्रो संशोधनद्वारा थप**

क्षेत्रीय तथा जिल्ला अन्तर्वार्ता व्यवस्थापन समितिले शिक्षा विकास निर्देशनालय तथा जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइका शिक्षक सेवा आयोगसम्बन्धी काम गर्ने दुईजना कर्मचारीलाई बैठकमा आमन्त्रण गर्नसक्नेछ ।

२.३ अन्तर्वार्ता व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

१. अन्तर्वार्ता स्वच्छ, निश्पक्ष र तटस्थ रुपमा सञ्चालन गर्ने गराउने

२. अन्तर्वार्ता सञ्चालन हुने स्थानको छनौट गर्ने र अन्तर्वार्ता दिन आउने उम्मेदवारहरुलाई आवश्यक सूचना समयमै दिने व्यवस्था मिलाउने

३. उम्मेदवारलाई अनुसूची १ को फाराम भराउने व्यवस्था गर्ने

४. तोकिएका मापदण्डका आधारमा अन्तर्वार्ता सञ्चालनका लागि विशेषज्ञहरुको छनौट गर्ने

५. समितिका कुनै सदस्यलाई अधिकार प्रत्यायोजन गरेको अवस्थामा बाहेक अन्तर्वार्ता सञ्चालनका लागि छनौट भएका विशेषज्ञलाई समितिका संयोजकले आमन्त्रण गर्ने

६. आयोगले जारी गरेको सूचनाका आधारमा अन्तर्वार्ता सञ्चालनको योजना बनाउने र सो योजना कार्यान्वयन गर्ने गराउने

७. अन्तर्वार्ता लिने विशेषज्ञलाई अभिमुखीकरण गर्ने र बुँदा नं ३.४ मा उल्लेखित आचारसँहिताको बारेमा जानकारी गराउने

८. अन्तर्वार्ता समितिको गठन अनिवार्य रुपमा गोला प्रथाबाट गर्ने

९. अन्तर्वार्ता लिनका लागि शिक्षा विकास निर्देशनालय / शिक्षा विकास तथा समन्वय इकाइमा आएका विशेषज्ञहरुको मोवाइल फोन Switch Off गर्न लगाई अन्तर्वार्ता लिने समयसम्मका लागि बुझिलिई राख्ने व्यवस्था गर्ने

१०. अन्तर्वार्ता समितिका विशेषज्ञहरु अन्तर्वार्ता लिने कोठामा प्रवेश गरिसकेपछि मात्र समितिलाई अन्तर्वार्ता लिनुपर्ने उम्मेदवारहरुको नामावली उपलब्ध गराउने

११. कुनै विशेषज्ञले अन्तर्वार्ता लिने समूहमा आफ्नो नातेदार व्यक्ति परेको कुरा जानकारी गराएको अवस्थामा निजलाई नातेदार व्यक्ति नभएको समूहको अन्तर्वार्ता समितिमा समावेश गर्ने व्यवस्था मिलाउने

१२. झुटा विवरण पेश गरी आफ्नो नातेदारको अन्तर्वार्ता लिने र अन्तर्वार्तामा अनियमित काम गर्ने विशेषज्ञ तथा कर्मचारीलाई कालो सूचीमा राखी सम्बन्धित निकायमा विभागीय कारबाहीका लागि सिफारिस गर्ने

१३. अन्तर्वार्ता सुरु गर्नुअघि अन्तर्वार्ता समितिका सबै सदस्यहरुलाई सम्बन्धित तहको आन्तरिक/ खुला विज्ञापनको पाठ्यक्रम उपलब्ध गराउने

१४. अन्तर्वार्ता लिने विशेषज्ञहरुलाई कालो मसी भएको कलम उपलब्ध गराउने व्यवस्था गर्ने

१५. अन्तर्वार्ता सञ्चालनका लागि आवश्यक भौतिक र कर्मचारीको व्यवस्थापन गर्ने गराउने

१६. एक सत्र / दिनको अन्तर्वार्ता सकिएपछि अन्तर्वार्तासम्बन्धी गोप्य कागजातहरु सिलबन्दी लाहाछाप लगाई नजिकको प्रहरी कार्यालयमा राख्ने व्यवस्था मिलाउने

१७. अन्तर्वार्ता सम्पन्न भइसकेपछि सोसम्बन्धी गोप्य कागजातहरु सुरक्षित तवरले आयोगसम्म पुर्याउन आवश्यक प्रवन्ध मिलाउने

१८. तोकिएको दिनमा अन्तर्वार्ता दिन छुट भएका उम्मेदवारहरुको निवेदन र संलग्न कागजातहरु अध्ययन गरी नियमावली तथा निर्देशिकामा उल्लेख भएका कारणबाटै अन्तर्वार्ता छुट भएको भन्ने कुराको सुनिश्चितता गर्ने र आयोगसँगको परामर्शमा त्यस्ता उम्मेदवारहरुको छुट अन्तर्वार्ता सञ्चालनको व्यवस्था गर्ने

१९. अन्तर्वार्ता सञ्चालन गर्दा कुनै समस्या आइपरेमा तत्काल आयोगमा सम्पर्क गरी समस्या समाधानका उपयुक्त उपायहरुको खोजी गरी कार्यान्वयनमा ल्याउने

२०. अन्तर्वार्ता समाप्त भइसकेपछि अनुसूची १० अनुसारको प्रतिवेदन अनिवार्य रुपमा तयार पारी समितिका सबै सदस्यहरुले सही गरेर गोप्य कागजातहरुका साथ आयोगमा पठाउने

२१. आयोगको निरन्तर सम्पर्कमा रही आयोगको निर्देशनअनुसार काम गर्ने गराउने

२२. शिक्षक सेवा आयोगले तोकिदिएका अन्य कामहरु गर्ने गराउने

२.४ अन्तर्वार्ता समिति

२.४.१ माध्यमिक र निम्नमाध्यमिक तहका उम्मेदवारहरुको अन्तर्वार्ता लिनका लागि अन्तर्वार्ता व्यवस्थापन समितिले प्रत्येक समूहमा देहायका व्यक्तिहरु रहने गरी अन्तर्वार्ता समिति गठन गर्नु पर्नेछ

(क) दक्ष - दुईजना

(ख) विषय विशेषज्ञ - एकजना

२.४.२ प्राथमिक तहका उम्मेदवारहरुको अन्तर्वार्ता लिने अन्तर्वार्ता समितिमा तीनजना व्यक्तिहरु विशेषज्ञका रुपमा रहने छन् ।

२.५ अन्तर्वार्ता समितिको गठन

१. अन्तर्वार्ता समितिको गठन सम्बन्धित अन्तर्वार्ता व्यवस्थापन समितिले छनौट गरेका विशेषज्ञहरु बीच गोला प्रथाबाट गर्नुपर्नेछ ।

२. व्यवस्थापन समितिले अन्तर्वार्ता सञ्चालन हुनुभन्दा आधाघण्टा अगाडि मात्र अनिवार्य रुपमा गोला प्रथाबाट अन्तर्वार्ता समितिको गठन गर्नुपर्नेछ ।

३. निम्नमाध्यमिक र माध्यमिक तहको दक्ष र विषय विशेषज्ञको चयन गोलाप्रथाबाटै छुट्टाछुट्टै समूहमा गर्नुपर्नेछ ।

तर, निम्नमाध्यमिक र माध्यमिक तहको कुनै विषयको अन्तर्वार्ताका लागि एउटा मात्र अन्तर्वार्ता समूह भएमा विषय विशेषज्ञलाई अन्तर्वार्ता व्यवस्थापन समितिका संयोजक वा निजले तोकेको सदस्यले अतिगोप्य रुपमा आमन्त्रण गर्नुपर्नेछ ।

अन्तर्वार्ता समितिमा रहेका तीनजना सदस्यमध्ये शैक्षिक योग्यता, पद र अनुभवका दृष्टिले जेष्ठ (Senior) सदस्यले संयोजक भई काम गर्नुपर्नेछ ।

२.६ अन्तर्वार्ता समितिका संयोजकको काम, कर्तव्य र अधिकार

१.अन्तर्वार्ता समितिका सदस्यहरुबीच परिचय गराउने

२. प्रवेशात्मक प्रश्न सोध्ने र अन्त गर्ने

३.अन्तर्वार्तामा उम्मेदवारहरुलाई प्रश्न सोध्न सदस्यहरुको पालो तोक्ने

४.अन्तर्वार्ता दिन आएका उम्मेदवारलाई सहज वातावरण सिर्जना गर्ने

५.    अन्तर्वार्ता कक्षमा विशेषज्ञहरुबीच एकआपसमा सल्लाह नगरी व्यक्तिगत रुपमा अंक प्रदान गर्ने र आफूले प्रदान गरेको अंकका बारेमा कसैलाई पनि जानकारी नगराउने

द्रष्टव्यः यस परिच्छेदमा उल्लिखित प्रावधानहरु सबै तहको २५% आन्तरिक प्रतियोगितात्मक बढुवाको अन्तर्वार्तामा समेत लागु हुनेछन् ।

## परिच्छेद ३

## अन्तर्वार्ताको सञ्चालन र व्यवस्थापन

३.१    अन्तर्वार्ताका लागि विशेषज्ञ छनौटका आधारहरु

आयोगबाट सञ्चालन हुने अन्तर्वार्ताका लागि दक्ष/विशेषज्ञहरुको छनौट देहायका आधारमा गर्नुपर्नेछ ।

३.१.१    माध्यमिक तह प्रथम श्रेणीको लागि

१.    न्यूनतम शैक्षिक योग्यता कम्तिमा स्नातकोत्तर भएको र निजामति सेवामा विशिष्ट श्रेणीमा सेवारत वा सो पदबाट सेवा निवृत्त व्यक्ति

२.    न्यूनतम शैक्षिक योग्यता कम्तिमा स्नातकोत्तर भएको र विश्वविद्यालयको प्राध्यापक पदमा सेवारत वा सो पदबाट सेवा निवृत्त व्यक्ति

यस प्रयोजनका लागि शिक्षक सेवा आयोगका अध्यक्ष वा निजले तोकेको आयोगको सदस्यको संयोजकत्वमा छनौट भएका दक्ष/विशेषज्ञ समेत संलग्न भएको तीन सदस्यीय अन्तर्वार्ता समिति रहनेछ ।

३.१.२    माध्यमिक द्वितीय र निम्नमाध्यमिक प्रथम श्रेणीका लागि

१.    न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर भएको र निजामती सेवाका कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको पदमा बहालवाला वा सो पदबाट सेवा निवृत्त व्यक्ति

२.    न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर भएको र विश्वविद्यालयको आंगिक क्याम्पसको कम्तीमा सहप्राध्यापक पदमा स्थायी रुपमा सेवारत वा सो पदबाट सेवा निवृत्त व्यक्ति

३.    न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर भएको र सामुदायिक विद्यालयको कम्तीमा माध्यमिक तहको प्रथम श्रेणीको शिक्षक पदमा सेवारत वा सो पदबाट सेवा निवृत्त व्यक्ति

४.    यस प्रयोजनका लागि शिक्षक सेवा आयोगका अध्यक्ष वा निजले तोकेको आयोगको सदस्य वा निजले तोकेको दक्ष/विशेषज्ञको संयोजकत्वमा छनौट भएका दक्ष/विशेषज्ञ समेत संलग्न भएको तीन सदस्यीय अन्तर्वार्ता समिति रहनेछ ।

५.    विषय विशेषज्ञका हकमा उल्लिखित आधारहरु भई सम्बन्धित विषयमा स्नातकोत्तर तहको शैक्षिक योग्यता भएको व्यक्ति

[3]तर, विषय विशेषज्ञ मध्ये एक जना शिक्षा शास्त्र संकायअन्तरगत सम्बन्धित विषयमा स्नातकोत्तर तहको शैक्षिक योग्यता भएको वा अन्य संकायबाट सम्बन्धित विषयमा स्नातकोत्तर तहको शैक्षिक योग्यता भई शिक्षा शास्त्र संकायअन्तरगत एक वर्षे वि.एड. गरेको / माध्यमिक तहको १० महिने तालिम पूरा गरेको व्यक्ति हुनु पर्नेछ ।

३.१.३ माध्यमिक तृतीय श्रेणी, निम्नमाध्यमिक द्वितीय श्रेणी र प्राथमिक प्रथम श्रेणी

१. न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर भएको र निजामती सेवाका कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीको पदमा बहालवाला वा सो पदबाट सेवा निवृत्त व्यक्ति

२. न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर भएको र विश्वविद्यालयको आंगिक क्याम्पसको कम्तीमा उपप्राध्यापक पदमा स्थायी रुपमा सेवारत वा सो पदबाट सेवा निवृत्त व्यक्ति

३. न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर भएको र सामुदायिक विद्यालयको कम्तीमा माध्यमिक तहको द्वितीय श्रेणीको शिक्षक पदमा सेवारत वा सो पदबाट सेवा निवृत्त व्यक्ति

४. विषय विशेषज्ञका हकमा उल्लिखित आधारहरु भई सम्बन्धित विषयमा स्नातकोत्तर तहको शैक्षिक योग्यता भएको व्यक्ति

[4]तर, विषय विशेषज्ञ मध्ये एक जना शिक्षा शास्त्र संकायअन्तरगत सम्बन्धित विषयमा स्नातकोत्तर तहको शैक्षिक योग्यता भएको वा अन्य संकायबाट सम्बन्धित विषयमा स्नातकोत्तर तहको शैक्षिक योग्यता भई शिक्षा शास्त्र संकायअन्तरगत एक वर्षे वि.एड. गरेको / माध्यमिक तहको १० महिने तालिम पूरा गरेको व्यक्ति हुनु पर्नेछ ।

५. बुँदा नं ४ मा उल्लिखित योग्यता भएका विषय विशेषज्ञ उपलब्ध हुन नसकेको अवस्थामा सोको जानकारी आयोगमा गराई आयोगले निर्देशन गरेअनुसार गर्नुपर्नेछ ।

३.१.४ निम्नमाध्यमिक तृतीय र प्राथमिक द्वितीय श्रेणीका लागि

१. न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर / स्नातक भएको र निजामती सेवाका

क) राजपत्रांकित द्वितीय श्रेणीको पदमा बहालवाला वा सो पदबाट सेवा निवृत्त व्यक्ति वा

ख) कम्तीमा राजपत्रांकित तृतीय श्रेणीको पदमा ७ वर्ष सेवा अवधि पूरा गरेको बहालवाला वा राजपत्रांकित तृतीय श्रेणीको पदमा ७ वर्ष सेवा अवधि पूरा गरी सो पदबाट सेवा निवृत्त व्यक्ति

२. न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर भएको र विश्वविद्यालयको आंगिक क्याम्पसको कम्तीमा उपप्राध्यापक पदमा स्थायी रुपमा सेवारत वा सो पदबाट सेवा निवृत्त व्यक्ति

३. न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर / स्नातक भएको र सामुदायिक विद्यालयको कम्तीमा माध्यमिक तहको द्वितीय श्रेणीको शिक्षक पदमा सेवारत वा सो पदबाट सेवा निवृत्त व्यक्ति

४. विषय विशेषज्ञका हकमा उल्लिखित आधारहरु भई सम्बन्धित विषयमा स्नातकोत्तर तहको शैक्षिक योग्यता भएको व्यक्ति

[3] **दोस्रो संशोधनद्वारा थप**

[4] **दोस्रो संशोधनद्वारा थप**

[5]तर, विषय विशेषज्ञ मध्ये एक जना शिक्षा शास्त्र संकायअन्तरगत सम्बन्धित विषयमा स्नातकोत्तर तहको शैक्षिक योग्यता भएको वा अन्य संकायबाट सम्बन्धित विषयमा स्नातकोत्तर तहको शैक्षिक योग्यता भई शिक्षा शास्त्र संकायअन्तरगत एक वर्ष वि.एड. गरेको / माध्यमिक तहको १० महिने तालिम पूरा गरेको व्यक्ति हुनु पर्नेछ ।

५. बुँदा नं ४ मा उल्लिखित योग्यता भएका विषय विशेषज्ञ उपलब्ध हुन नसकेको अवस्थामा सोको जानकारी आयोगमा गराई आयोगले निर्देशन गरेअनुसार गर्नुपर्नेछ ।

३.१.५ प्राथमिक तृतीय श्रेणीका लागि

१. न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर / स्नातक भएको र निजामती सेवाका

[6]क) राजपत्रांकित द्वितीय श्रेणीको पदमा बहालवाला वा सो पदबाट सेवा निवृत्त व्यक्ति वा

ख) कम्तीमा राजपत्रांकित तृतीय श्रेणीको पदमा ७ वर्ष सेवा अवधि पूरा गरेको बहालवाला वा राजपत्रांकित तृतीय श्रेणीको पदमा ७ वर्ष सेवा अवधि पूरा गरी सो पदबाट सेवा निवृत्त व्यक्ति

२. न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर भएको र विश्वविद्यालयको आंगिक क्याम्पसको कम्तीमा उपप्राध्यापक पदमा स्थायी रुपमा सेवारत वा सो पदबाट सेवा निवृत्त व्यक्ति

३. न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर / स्नातक भई सामुदायिक विद्यालयको कम्तीमा माध्यमिक तहको द्वितीय श्रेणीको शिक्षक पदमा स्थायी रुपमा सेवारत वा सो पदबाट सेवा निवृत्त व्यक्ति

[7]..............................................................................................

४. प्राथमिक तहको अन्तर्वार्ताका लागि अन्तर्वार्ता समिति गठन गर्दा एक सत्रका लागि आवश्यक पर्ने सबै विशेषज्ञहरुबीच एकैपटक गोलाप्रथाबाट गर्नुपर्नेछ ।

५. उल्लिखित योग्यता भएका विषय विशेषज्ञ उपलब्ध हुन नसकेको अवस्थामा सोको जानकारी आयोगमा गराई आयोगले निर्देशन गरेअनुसार गर्नुपर्नेछ ।

तर, तीनओटै तहको अन्तर्वार्ता सञ्चालनका लागि विशेषज्ञको छनौट गर्दा निजामति कर्मचारी, प्राध्यापक र शिक्षकका पेशागत संस्थाको जिल्ला कार्यसमिति र सोभन्दा माथिल्लो कार्यसमितिका बहालवाला पदाधिकारी नरहने व्यवस्था गर्नुपर्नेछ ।

(प्रष्टिकरणः पदाधिकारी भन्नाले कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षसम्मको पदमा कार्यरत व्यक्ति भन्ने बुझ्नुपर्दछ ।)

३.२ विशेषज्ञको छनौट गर्दा ध्यान दिनुपर्ने कुराहरु र अन्तर्वार्तासम्बन्धी अन्य व्यवस्था

१. उपलब्ध भएसम्म सम्बन्धित जिल्लाभित्रका विशेषज्ञहरुलाई नै प्राथमिकतामा राखेर छनौट गर्ने

२. जिल्लाभन्दा बाहिरका विशेषज्ञ छनौट गर्नुपर्ने अवस्था भएमा नजिकको छिमेकी जिल्लाका विशेषज्ञलाई प्राथमिकतामा राख्ने

३. विशेषज्ञहरुको छनौट गर्दा उपलब्ध भएसम्म महिला, आदिवासी जनजाति, मधेसी र दलित समेतको समूहबाट प्रतिनिधित्व गराई सकेसम्म समावेशी चरित्रको अन्तर्वार्ता समिति बनाउने

---

[5] **दोस्रो संशोधनद्वारा थप**

[6] **दोस्रो संशोधनद्वारा संसोधित**

[7] **दोस्रो संशोधनद्वारा हटाइएको**

४. अन्तर्वार्ताका लागि छनौट भएको विशेषज्ञलाई अन्तर्वार्ता हुनुभन्दा बढीमा १२ घन्टाअघि मात्र सोको जानकारी अति गोप्य रुपमा दिई निजहरुलाई अन्तर्वार्ता सुरु हुने समयभन्दा कम्तीमा एक घण्टा अगाडि अन्तर्वार्ता सञ्चालन हुने स्थानमा आइपुग्न आमन्त्रण गर्ने

५. दुई सिफ्टमा अन्तर्वार्ता सञ्चालन हुने र दुवै सिफ्टका लागि एउटै अन्तर्वार्ता समितिले अन्तर्वार्ता लिने अवस्थामा दिउँसोको खानाको व्यवस्था अन्तर्वार्ता सञ्चालन हुने परिसरमै गरी विशेषज्ञहरुलाई दुवै सिफ्टको अन्तर्वार्ता समाप्त भइसकेपछि मात्र अन्तर्वार्ता सञ्चालन भएको परिसरबाहिर जान पाउने व्यवस्था मिलाई सो कुराको जानकारी विशेषज्ञहरुलाई गराउने

६. माध्यमिक र निम्नमाध्यमिक तहका लागि उपलब्ध भएसम्म प्रत्येक सत्र र दिनका लागि फरक फरक विषय विशेषज्ञको व्यवस्था गर्ने

७. दक्ष र विषय विशेषज्ञको नातेदार व्यक्ति अन्तर्वार्तामा सहभागी हुने अवस्थामा त्यस्तो विशेषज्ञलाई सो समूहमा अन्तर्वार्ताकारका रुपमा सहभागी नगराउने

८. कुनै विशेषज्ञको नातेदार व्यक्ति आफैले लिने अन्तर्वार्ता समूहमा परेको पाइएमा त्यस्तो विशेषज्ञलाई निजको नातेदार व्यक्ति नरहेको अन्तर्वार्ता समूहको अन्तर्वार्ता समितिमा समावेश गराई अन्तर्वार्ता लिने व्यवस्था मिलाउने

९. झुटो विवरण पेश गरी आफ्नो नातेदारको अन्तर्वार्ता लिएको पाइएमा र आचार संहिता पालना नगरेमा त्यस्तो विशेषज्ञलाई निजको सेवा समूहसम्बन्धी कानुनका आधारमा कारवाहीका लागि आयोगले सम्बन्धित निकायमा लेखिपठाउने र निजलाई भविश्यमा शिक्षक सेवा आयोगसम्बन्धी कुनै पनि काममा समावेश नगराउने

३.३ अन्तर्वार्ता सञ्चालनका लागि शिक्षा विकास निर्देशनालय र जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइको भूमिका

१. अन्तर्वार्ता सञ्चालनसम्बन्धी कार्यको व्यवस्थापन गर्न अन्तर्वार्ता व्यवस्थापन समितिको सचिवालयका रुपमा काम गर्ने

२. अन्तर्वार्ता व्यवस्थापन समितिको बैठकमा छलफल गरिने विषयवस्तुहरु तयार पार्ने

३. अन्तर्वार्ता व्यवस्थापन समितिको बैठक आयोजना गरी तय गरिएका बैठकका विषयवस्तु लगायत अन्तर्वार्ता सञ्चालनसम्बन्धी आवश्यक अन्य विषयवस्तुहरु निर्णयका लागि बैठकमा पेश गर्ने

४. अन्तर्वार्ता व्यवस्थापन समितिका निर्णयहरु कार्यान्वयन गर्ने गराउने

५. उम्मेदवारहरुलाई अन्तर्वार्तासम्बन्धी सूचना जारी गर्ने

६. अन्तर्वार्तामा सामेल हुन आउने उम्मेदवारले आफूले शिक्षक सेवा आयोगको विज्ञापनमा अन्य तह र विषयको लिखित परीक्षामा उत्तीर्ण भएको / अन्तर्वार्तामा सामेल भई उत्तीर्ण भएको भए त्यस्ता उम्मेदवारलाई अनुसूची २ मा भएको फाराम अनिवार्य रुपमा भर्न लगाई उनीहरुको फाइलमा राखी आयोगमा पठाउने

७. अन्तर्वार्ताका लागि सम्पर्क गर्न आएका उम्मेदवारलाई यस अनुसूची १ मा भएको व्यक्तिगत विवरण फाराम उपलब्ध गराउने

८. अन्तर्वार्ता सञ्चालनका लागि विशेषज्ञहरुको रोष्टर सूची अनुसूची ३ मा उल्लेख भएको ढाँचामा तयार गर्ने

९. आयोगले उपलब्ध गराएको लिखित परीक्षाको नतिजा र अन्तर्वार्ता समूहका आधारमा अन्तर्वार्ता दिने उम्मेदवारहरुको नामावली समूहगत रुपमा तयार गर्ने

१०. अन्तर्वार्तामा खटाइएका विशेषज्ञहरुको हाजिरी अनुसूची ४ मा उल्लेख भएको ढाँचामा गराई अन्तर्वार्तासम्बन्धी गोप्य कागजातसँगै आयोगमा पठाउने

११. अन्तर्वार्ता दिन आएका उम्मेदवारहरुको हाजिरी अनुसूची ५ र अन्तर्वार्तामा खटिएका कर्मचारीहरुको हाजिरी अनुसूची ६ मा भएको ढाँचामा गराउने

१२. अन्तर्वार्ता हुनुभन्दा एकदिनअगाडि अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारहरुको समूहगत नामावली अनुसूची ११ अनुसार अनिवार्य रुपमा सूचना पाटीमा प्रकाशन गर्ने र सोको एकप्रति आयोगमा पठाउने

१३. अन्तर्वार्ता सञ्चालनका लागि आवश्यक पर्ने कर्मचारी व्यवस्थापन गर्ने

१४. अन्तर्वार्ता सञ्चालन हुने स्थान निर्धारण गर्ने र सो स्थानमा अन्तर्वार्ता सञ्चालनका लागि आवश्यक भौतिक सामग्रीहरुको व्यवस्था मिलाउने

१५. आयोगले दिएको निर्देशनका आधारमा अन्तर्वार्ता सञ्चालन गर्ने

१६. अन्तर्वार्ता दिन आएका उम्मेदवारहरुलाई अन्तर्वार्ता हुने स्थान, समय र अन्तर्वार्ता दिन आउँदा उनीहरुले ल्याउनुपर्ने कागजात इत्यादि बारे जानकारी दिने

१७. अन्तर्वार्ता सञ्चालनका समयमा कुनै समस्या आएमा आयोगमा तुरुन्त सम्पर्क गरी आयोगबाट निर्देशन भएअनुसार गर्ने गराउने

१८. अन्तर्वार्तामा खटिएका विशेषज्ञ र कर्मचारीहरुलाई आयोगले उपलब्ध गराएको पारिश्रमिक अनुसूची ७ मा उल्लेख भएको ढाँचामा उपलब्ध गराउने

१९. अन्तर्वार्तामा खटिएका कर्मचारीहरुलाई आन्तरिक र खुला प्रतियोगिताबाट अन्तर्वार्तामा सहभागी हुने उम्मेद्वारहरुको अनुभव तथा शैक्षिक योग्यतासम्बन्धी विवरण अनुसूची १२ र १३ बमोजिम भर्न लगाउने

२०. अन्तर्वार्ता सञ्चालन भइसकेपछि अन्तर्वार्तासम्बन्धी गोप्य कागजातहरु सुरक्षितसाथ आयोगमा तुरुन्त पठाउने

२१. शिक्षक सेवा आयोगले तोकेका अन्य कामहरु गर्ने गराउने

३.४ अन्तर्वार्ता सञ्चालन गर्ने विशेषज्ञहरुले पालना गर्नुपर्ने आचारसँहिता

१. शिक्षकहरुको छनौटका लागि लिइने अन्तर्वार्ताका लागि विशेषज्ञका रुपमा आमन्त्रित भएको कुरा कहीं कसैलाई पनि नबताउने

२. अन्तर्वार्ता सुरु हुनुभन्दा कम्तीमा एकघण्टाअगाडि सम्बन्धित शिक्षा विकास निर्देशनालय/ शिक्षा विकास तथा समन्वय इकाइ/ अन्तर्वार्ता केन्द्रमा अन्तर्वार्ता लिनका लागि उपस्थित हुने

३. अन्तर्वार्ता सञ्चालन गर्नका लागि अन्तर्वार्ता केन्द्रमा पुगिसकेपछि आफ्नो मोवाइल फोन Switch Off गरी एउटा खाममा राखेर खामको बाहिरपट्टि आफ्नो नाम र फोन नं. लेखी शिक्षा विकास निर्देशक / शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखको जिम्मामा दिने र अन्तर्वार्ता समाप्त भइसकेपछि मात्र आफ्नो मोवाइल फोन साथमा लिएर जाने

४. अन्तर्वार्ता सुरु हुनुभन्दा अगाडि अन्तर्वार्ता व्यवस्थापन समितिले उपलब्ध गराएको अन्तर्वार्ता लिनुपर्ने उम्मेदवारहरुको सूची अध्ययन गरी उक्त समूहमा आफ्नो नातेदार व्यक्ति परेमा सोको जानकारी सम्बन्धित अन्तर्वार्ता व्यवस्थापन समितिलाई गराउने र त्यस्तो समूहमा बसेर कुनै हालतमा पनि अन्तर्वार्ता नलिने

५. सदैव निष्पक्षता, तटस्थता र आफ्नो विज्ञतालाई उच्च नैतिकताका साथ आत्मसात गरी आयोगसम्बन्धी काम गर्ने

६. अन्तर्वार्ता दिने व्यक्तिको उपयुक्तता वा अनुपयुक्तताका सम्बन्धमा अन्तर्वार्ता पूर्व, अन्तर्वार्ताका क्रममा वा अन्तर्वार्ता पश्चात एक आपसमा चर्चा नगर्ने

७. अन्तर्वार्ता सञ्चालन गरिने कक्षको वातावरण सकेसम्म आफू र अन्तर्वार्ता दिन आएका उम्मेदवारका लागि सहज बनाउने

८. अन्तर्वार्ताका समयमा उम्मेदवारहरुलाई प्रोत्साहित गर्ने किसिमले प्रश्न सोध्ने

९. अन्तर्वार्तामा सम्बन्धित तह र विषयको लिखित परीक्षाको पाठ्यक्रमलाई आधार बनाएर प्रश्नहरु  सोध्ने

१०. अन्तर्वार्तामा सोधिने प्रश्नहरु सरलबाट जटिलको क्रममा बनाएर सोध्ने

११. कुनै पनि उम्मेदवारलाई कुनै पनि तरिकाले हतोत्साहित नगर्ने

१२. अन्तर्वार्ता दिन आएका सबै उम्मेदवारहरुलाई सोधिने प्रश्नहरुको कठिनाइस्तर सकभर एउटै बनाउन प्रयास गर्ने

१३. सबै उम्मेदवारका लागि अन्तर्वार्ता लिने समयावधि समान बनाउन प्रयत्न गर्ने

१४. अनुसूची ८ / ९ मा भएको अन्तर्वार्ता फाराममा सफा र केरमेट नगरी स्पष्ट बुझिने गरी कालो मसी भएको कलमले मात्र अंक प्रदान गर्ने

१५. अन्तर्वार्ताकारबीच एक आपसमा सल्लाह नगरी व्यक्तिगत रुपमा अंक दिने

१६. अन्तर्वार्तामा उम्मेदवारलाई प्रदान गरिएको अंक लगायत अन्तर्वार्ता कक्षमा भएका कुनै पनि कुराहरु अन्तर्वार्ता समाप्त भएपछि बाहिर कहीं कतै व्यक्त नगर्ने

१७. आफूले उम्मेदवारलाई दिएको अंक अन्तर्वार्ता फारामबाहेक अन्य कागजमा टिपोट नगर्ने

१८. अन्तर्वार्ता फारामको तोकिएको स्थान र केरमेट भएको स्थानमा अनिवार्य रुपमा दस्तखत गरी प्रमाणित गरिदिने

१९. कुनै ठाउँमा केरमेट गर्नुपरेमा सो स्थानमा एउटा तेर्सो धर्काले काटेर अनिवार्य रुपमा दस्तखत गरिदिने

२०. आफूले अन्तर्वार्ता लिने समूहमा एकभन्दा बढी जिल्लाका उम्मेदवारहरु भएका अवस्थामा एउटा जिल्लाका उम्मेदवारको अन्तर्वार्ता सकिएपछि सो जिल्लाका उम्मेदवारहरुको अन्तर्वार्ता फाराम लगायत अन्तर्वार्तासम्बन्धी सम्पूर्ण गोप्य कागजातहरु खाममा हालेर बन्द गरिसकेपछि मात्र अर्को जिल्लाका उम्मेदवारहरुको अन्तर्वार्ता लिने

२१. कुनै उम्मेदवारलाई ७० प्रतिशतभन्दा बढी र ३५ प्रतिशतभन्दा कम अंक प्रदान गर्दा अनिवार्य रुपमा कारण खुलाउनुपर्ने

२२. कुनै विशेषज्ञले ७० प्रतिशतभन्दा बढी र ३५ प्रतिशतभन्दा कम अंक दिएर कारण नखुलाएको, अंक नै नदिएको र लापरबाही तरिकाले अंक दिएको पाइएमा त्यस्तो विशेषज्ञलाई कालो सूचीमा राखी भविश्यमा आयोगसम्बन्धी कुनै पनि काममा नलगाइने भएकाले यस कुरालाई विशेष ख्याल गर्ने

२३. अन्तर्वार्ता कार्यक्रम सम्पन्न भएपछि अन्तर्वार्ता समितका सदस्यले आफूले भरेको अन्तर्वार्ता प्राप्तांक फाराम एक अर्कोले नदेख्ने गरी 'क' खाममा राख्ने र समितिका सदस्यहरुको रोहवरमा 'क' खामलाई 'ख' खाममा राखी सिलबन्दी गरी दस्तखत गरेर  सम्बन्धित पदाधिकारीलाई बुझाउने

२४. अन्तर्वार्ता लगायत शिक्षक सेवा आयोगसम्बन्धी कामहरु सहज रुपमा सम्पन्न गर्नका लागि सम्बन्धित अन्तर्वार्ता व्यवस्थापन समिति र शिक्षा विकास निर्देशनालय / शिक्षा विकास तथा समन्वय इकाइलाई आवश्यक सहयोग गर्ने

३.५ अन्तर्वार्ता दिन आउने उम्मेदवारले साथमा ल्याउनुपर्ने सक्कल कागजातहरु र अन्य व्यवस्था

१. आफ्नो अन्तर्वार्ता हुने दिन अन्तर्वार्ता हुने समय भन्दा एक घण्टा अगावै प्रत्येक उम्मेदवारले सम्बन्धित अन्तर्वार्ता केन्द्रमा अनिवार्य रुपमा सम्पर्क गरी व्यक्तिगत विवरण फाराम लिने

२. उम्मेदवारले दरखास्त फारामराथ पेश गरेका देहायका कागजातहरुको सक्कल प्रति र सबै कागजातका एक एक प्रति प्रतिलिपि ल्याउनुपर्नेछ

i. नागरिकताको प्रमाणपत्र
ii. प्रवेशपत्र
iii. अध्यापन अनुमतिपत्र
iv. एस एल सी / एस इ इ उत्तीर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्र
v. एस एल सी / एस इ इ भन्दा माथिल्लो शैक्षिक योग्यताका हकमा आफू उम्मेदवार भएको पदसम्मका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र
vi. प्राथमिकमा २०६८ श्रावण १ गतेपछि नियुक्ति भएका शिक्षकको हकमा न्यूनतम योग्यता प्रमाणपत्र तह वा सो सरह
vii. स्वीकृत दरवन्दीमा स्थायी वा अस्थायी/करार/लियन/राहत शिक्षकका रुपमा काम गरी हाल अन्तर्वार्तामा सामेल हुने उम्मेदवारले आफू जुन तहको अन्तर्वार्तामा सामेल हुने हो सोही तह लागि पाएको स्थायी / अस्थायी नियुक्तिपत्र
viii. हालसालै खिचिएको पासपोर्ट साइजको एकप्रति फोटो
ix. समकक्षता प्रमाणपत्र

३. स्वीकृत दरवन्दीमा स्थायी वा अस्थायी/करार/लियन/राहत शिक्षकका रुपमा कार्यरत भई हाल अन्तर्वार्तामा सामेल हुन आएका उम्मेदवारले आफू जुन तहको अन्तर्वार्तामा सामेल हुने हो सोही तहमा अविच्छिन्न काम गरेको भनी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले प्रमाणित गरिदिएको सक्कल कागजात

४. खुला / आन्तरिक प्रतियोगितात्मक परीक्षाको विज्ञापनका लागि दरखास्त दिने अन्तिम मितिसम्म स्वीकृत दरवन्दीमा स्थायी वा अस्थायी/करार/लियन/राहत शिक्षकका रुपमा निरन्तर काम गरिरहेका उम्मेद्वारहरुले अन्तर्वार्तामा सामेल हुने तहमा सेवा गरेको अवधिको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले प्रमाणित गरिदिएको सेवा निरन्तरताको सक्कल कागजात र नियुक्तिपत्रको प्रतिलिपि

५. समावेशी समूहबाट अन्तर्वार्ता दिन आउने उम्मेदवारले आफू समावेश भएको समावेशी समूहको प्रमाणपत्रको प्रतिलिपि

८. उम्मेदवारले ल्याएका सबै सक्कल प्रमाणपत्रका एकएकप्रति प्रतिलिपि, अविच्छिन्न सेवा प्रमाणितको सक्कलै कागजात र आयोगबाट उपलब्ध गराइएको व्यक्तिगत विवरण फाराम भरी रेकर्ड फाइलमा राखेर संलग्न कागजातहरुको पञ्जिकीकरण गरी अन्तर्वार्ता मुकाममा पेश गर्ने

९. उल्लिखित सक्कल कागजात लिई नआउने उम्मेदवारलाई कुनै हालतमा अन्तर्वार्तामा सामेल गराइने छैन

१०. अन्तर्वार्ता सञ्चालन हुने दिन सार्वजनिक विदा परे पनि अन्तर्वार्ता सञ्चालन हुनेछ

११. कुनै उम्मेदवारले अन्तर्वार्तामा आफू सफल हुने मनसायले कसैलाई भनसुन गरेको, फोन गरेको र व्यक्तिगत प्रलोभनमा पारेको पाइएमा त्यस्ता उम्मेदवारको परीक्षा आयोगले रद्द गर्नसक्नेछ

१२. आयोगको पूर्वसूचनाविना अन्तर्वार्ताको निर्धारित कार्यक्रम परिवर्तन वा स्थगित हुने छैन

१३. नतिजा प्रकाशनसम्बन्धी कुनै त्रुटि भएमा आयोगको अभिलेखबाट सच्याइनेछ

१४. उम्मेदवारले पेश गरेका सक्कल कागजात रुजु गर्ने अधिकृत कर्मचारीले पेश गरेका सक्कल कागजात हेरी सोका आधारमा काजजातका प्रतिलिपिहरु प्रमाणित गरी निजको फाइलमा राख्ने व्यवस्था गर्नु पर्नेछ । तर सेवा निरन्तरताको कागजात भने सक्कलै राख्नु पर्नेछ

१५. अन्तर्वार्तामा सामेल हुन आउने उम्मेदवारले आफूले शिक्षक सेवा आयोगको खुला विज्ञापनमा अन्य तहको अन्तर्वार्तामा समेत सामेल भएको वा हुने भए अनुसूची २ अनुसारको फाराम भरी अन्तर्वार्ता केन्द्रमा व्यक्तिगत विवरण फारामसाथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ

१६. कुनै उम्मेदवारले सेवा प्रमाणित लगायत अन्य कुनै पनि झुटा विवरण पेश गरेको पुष्टि हुन आएमा त्यस्ता उम्मेदवारहरुको स्थायी नियुक्तिको सिफारिस आयोगले जुनसुकै बखत रद्द गर्नसक्ने छ

१७. उम्मेदवारहरुको संख्या र विशेषज्ञहरुको उपलब्धताका आधारमा आयोगद्वारा तोकेबमोजिम अन्तर्वार्ता सञ्चालन हुनेछ

१८. अन्तर्वार्ताकार्यक्रमको स्थान र समय आयोगले तोके अनुसार हुनेछ

१९. काबुबाहिरको परिस्थितिका कारणले अन्तर्वार्तामा उपस्थित हुन नसकेका उम्मेदवारहरुबाट निवेदन पेश हुन आएमा आवश्यक प्रमाणका आधारमा अन्तर्वार्ता संचालन भएको अवधिभित्र अन्तर्वार्तामा समावेश गराइनेछ । तर उक्त अवधिभित्र निवेदन पेश नगरेको अवस्थामा अन्तर्वार्ता समाप्त भएका मितिले १० दिनभित्र सम्बन्धित शिक्षा विकास निर्देशनालय / शिक्षा विकास तथा समन्वय इकाइमा निवेदन दिएमा आवश्यक प्रमाण र तथ्यका आधारमा त्यस्ता उम्मेदवारको छुट अन्तर्वार्ता शिक्षक सेवा आयोगले तोकेबमोजिम हुनेछ

काबुबाहिरको परिस्थिति भन्नाले

- दैवी विपत्ति (बाढी पहिरो गई बाटोघाटो बन्द हुनु ) परेको अवस्था
- सरकारी कामका कारणले उपस्थित हुन नसकेको अवस्था
- किरिया बस्नुपरेको अवस्था
- सुत्केरी भएको अवस्था
- असक्त विरामी भएको कुरा चिकित्सकबाट प्रमाणित भएको अवस्था

२०. थप जानकारी लिनु परेमा आयोगको वेव साइट र फोन नम्बरहरु प्रयोग गर्न सकिनेछ।